# साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०७९
## मस्यौदा

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०७९” रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) “बोर्ड” भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) “धितोपत्र बजार” भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(घ) “संगठित संस्था” भन्नाले नियम (३) बमोजिम तोकिएको चुक्ता पूँजी भएको साना तथा मझौला स्तरका संगठित संस्था भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## धितोपत्र दर्ता सम्बन्धी व्यवस्था

३. **चुक्ता पूँजी सम्बन्धी व्यवस्थाः** यस नियमावली बमोजिम बोर्डमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको चुक्ता पूँजी बढीमा पच्चीस करोड रुपैयाँ हुनुपर्नेछ ।

तर साना तथा मझौला संगठित संस्थाको उपस्थिती र बजारको अवस्था हेरी बोर्डले चुक्ता पूँजीको सीमा हेरफेर गर्न सक्नेछ ।

४.	**<u>धितोपत्र दर्ता गराउन निवेदन दिनु पर्नेः</u>** (१) ऐनको दफा २७ बमोजिम धितोपत्र दर्ता गराउने साना तथा मझौला स्तरका व्यवसायिक संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ नियम ५० बमोजिमको निवेदन दस्तुर वापतको रकम बोर्डको खातामा जम्मा गरेको निस्सा तथा त्यस्तो संगठित संस्थाको अख्तियार प्राप्त अधिकारीले प्रमाणित गरेको देहायका विवरण तथा कागजात समेत संलग्न गर्नु पर्नेछ :-

(क) संगठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ख) संगठित संस्थाको सञ्चालक समितिबाट धितोपत्र दर्ता गराउने सम्बन्धमा भएको निर्णय र अख्तियारीको प्रतिलिपि,

(ग) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,

(घ) संगठित संस्थाको सञ्चालक समिति सम्बन्धी विवरण ।

५.	**<u>धितोपत्र दर्ता गर्नेः</u>** (१) नियम ४ बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न विवरण तथा कागजातका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ । यसरी जाँचवुझ गर्दा थप विवरण माग गर्नुपर्ने वा स्पष्ट हुनुपर्ने देखिएमा सो माग गर्न वा स्पष्ट गराउन बोर्डले निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरण वा कागजातको जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गर्न उपयुक्त हुने देखिएमा बोर्डले नियम ५० बमोजिमको धितोपत्र दर्ता दस्तुर लिई अनुसूची-२ बमोजिमको दर्ता किताबमा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा धितोपत्र दर्ता प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन पेश गर्ने साना तथा मझौला व्यवसाय गर्ने संगठित संस्थाको धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले सोको कारण सहितको जानकारी सम्बन्धित संगठित संस्थालाई सात कार्य दिनभित्र दिनु पर्नेछ ।

६.	**<u>धितोपत्र पुनः दर्ता गर्नु पर्नेः</u>** (१) नियम ५ बमोजिम धितोपत्र दर्ताको प्रमाणपत्र प्राप्त गरेका संगठित संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ती भएका कारण शेयर संरचना वा नाममा परिवर्तन भएमा धितोपत्र दर्ता गर्नको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिँदा गाभिनु अघि संगठित संस्थाहरुले बोर्डमा दर्ता गरेको धितोपत्रको अंकित मूल्य भन्दा बढी मूल्य कायम हुन आएमा सो बढी हुन आएको हदसम्म नियम ५० मा उल्लिखित धितोपत्र दर्ता दस्तुर समेत बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरण वा कागजातको जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थाको धितोपत्र पुनः दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-२ बमोजिमको दर्ता किताबमा त्यस्तो संगठित संस्थाको धितोपत्र दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा धितोपत्र दर्ता प्रमाणपत्र दिनेछ ।

## परिच्छेद-३

## धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धी व्यवस्था

७. **धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पर्ने:** (१) संगठित संस्थासँग सम्बन्धित नियामक निकायले अन्यथा तोकेको अवस्थामा बाहेक संगठित संस्थाको जारी पूँजीको तीस प्रतिशत भन्दा घटी र उनन्चास प्रतिशत भन्दा बढी नहुने गरी धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

(२) संगठित संस्थाले उपनियम (१) बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

(क) पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक आर्थिक वर्षको पूर्ण अवधि पूरा गरेको,

तर साविकमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार सञ्चालन गरेको कम्तिमा दुई आर्थिक वर्ष पूरा गरी पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको कम्पनीको हकमा पब्लिक लिमिटेड कम्पनीको रुपमा एक आर्थिक वर्ष पूरा हुन आवश्यक पर्ने छैन ।

(ख) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको,

(ग) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको,

(घ) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको,

८. **रेटिङ्ग गर्न अनिवार्य नहुने:** (१) यस नियमावली अनुसार धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले क्रेडिट रेटिङ्ग गर्न अनिवार्य हुने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले आवश्यक देखेमा त्यस्तो संगठित संस्थालाई धितोपत्रको सार्वजनिक निष्काशन गर्नु पूर्व क्रेडिट रेटिङ्ग संस्थामार्फत रेटिङ्ग गराउन निर्देशन दिन सक्नेछ ।

९. **विवरणपत्र स्वीकृतिको लागि निवेदन दिनु पर्ने:** (१) संगठित संस्थाले ऐनको दफा ३१ तथा यस नियमावली बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्नका लागि अनुसूची-४ बमोजिमको ढाँचामा विवरणपत्र तयार गर्नु पर्नेछ ।

(२) संगठित संस्थाले उपनियम (१) बमोजिम तयार भएको विवरणपत्र स्वीकृतिको लागि नियम ५० बमोजिमको प्रशोधन शुल्क सहित अनुसूची-५ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन र विवरणपत्रका साथ देहायको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) संगठित संस्थाको पूँजी संरचना (अधिकृत, जारी र चुक्ता पूँजी) प्रमाणित गर्ने विवरण,

(ख) संगठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली, ‸

(ग) संगठित संस्थाका सम्पूर्ण सञ्चालकले सहीछाप गरेको एक प्रति विवरणपत्र र सोको विद्युतीय प्रति,

(घ) लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

१०. **विवरणपत्रको जाँचबुझः** (१) नियम ९ बमोजिम स्वीकृतिको लागि बोर्ड समक्ष पेश हुन आएको विवरणपत्र सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा विवरणपत्रमा समावेश गर्नुपर्ने कुनै कुरा छुट भएको वा विवरणपत्रमा संशोधन वा थपघट गर्नु पर्ने देखिएमा बोर्डले त्यस्तो कुरा समावेश गर्न वा विवरणपत्रमा आवश्यक संशोधन वा थपघट गर्न संगठित संस्थालाई निर्देशन दिनेछ ।

(३) उपनियम (२) बमोजिम बोर्डले दिएको निर्देशन बमोजिम विवरणपत्रमा संशोधन वा थपघट गरी संगठित संस्थाले परिमार्जित विवरणपत्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

११. **विवरणपत्रको स्वीकृति र प्रकाशनः** (१) नियम ९ बमोजिम प्राप्त निवेदनसाथ संलग्न विवरणपत्र तथा कागजात जाँचबुझ गर्दा उक्त विवरणपत्र स्वीकृत गर्न उपयुक्त देखिएमा बोर्डले सात कार्य दिनभित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्न अनुसूची-६ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

(२) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व उपनियम (१) बमोजिम स्वीकृत विवरणपत्रमा उल्लिखित विवरणमा सम्बन्धित नियामक निकायको नियमन व्यवस्था तथा निर्देशनबाट व्यवसाय सञ्चालनको क्रममा हुने परिवर्तन बाहेक अन्य कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण

समावेश गरी विवरणपत्रमा आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित विवरणपत्र बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ ।

१२. **आव्हानपत्र प्रकाशन गर्नु पर्नेः** विवरणपत्र प्रकाशन गरी धितोपत्र बिक्री वितरण गर्न चाहने संगठित संस्थाले बोर्डलाई जानकारी दिई निष्काशन तथा बिक्री प्रबन्धक मार्फत कम्तीमा एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा धितोपत्र बिक्री खुल्ला गरिने दिन भन्दा कम्तीमा सात कार्यदिन अगाडि अनुसूची-७ बमोजिमको विवरण खुलाई सार्वजनिक जानकारीको लागि आव्हानपत्र प्रकाशन गरी संस्थाको वेवसाईटमा राख्नु पर्नेछ र सोको जानकारी बोर्डलाई समेत दिनुपर्नेछ ।

१३. **सार्वजनिक निष्काशन खुला रहने अवधिः** (१) ऐन तथा यस नियमावली बमोजिम सार्वजनिक निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि दरखास्त खुल्ला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुला राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त खुला रहेको अवधिमा मागभन्दा बढी रकमको लागि आवेदन प्राप्त भएमा बोर्डलाई जानकारी गराई एक दिन अगाडि सार्वजनिक सूचना प्रकाशित गरी भोलिपल्ट कार्यालय समयपश्चात दरखास्त लिने कार्य बन्द गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको अवधी भित्र निष्काशन गरिएको धितोपत्रमध्ये पचास प्रतिशत भन्दा कमका लागि आवेदन प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले उक्त निष्काशन कार्य रद्द गरी आवेदकले दरखास्त वापत जम्मा गरेको रकम फुकुवा गर्नु पर्नेछ ।

१४. **दरखास्त दिने न्यूनतम शेयर संख्या र दरखास्त साथ माग गर्न सकिने पेश्की रकमः** (१) आवेदकले निष्काशन गरिने शेयर मध्ये न्यूनतम दुई सय पचास कित्ता खरिदको लागि दरखास्त दिनुपर्नेछ ।

(२) सार्वजनिक निष्काशनको शेयर खरिदका लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरण पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशनमा शेयर खरिदको लागि दरखास्त आह्वान गर्दा कम्पनी सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था अनुसार प्रति शेयरको अङ्कित मूल्यको पचास प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्न हुँदैन । तर विशेष ऐन अनुसार शत प्रतिशत रकम माग गर्नु पर्ने व्यवस्था भएमा वा संचालनमा रहेका संगठित संस्थाले आफ्नो अघिल्लो तीन वर्षको वासलात प्रकाशन गरी पूँजी सङ्कलन गर्दा पचास प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्न सक्नेछ ।

## परिच्छेद-४

## धितोपत्रको बाँडफाँड सम्बन्धी व्यवस्था

**१५. धितोपत्रको बाँडफाँडः** (१) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र खरिदका लागि रीतपर्वक भरिएका आवेदनहरुको यकिन गरी त्यस्तो धितोपत्रको बाँडफाँड तालिका तयार गर्नु पर्नेछ । तालिका अनुसार धितोपत्रको बाँडफाँड गरी सोको जानकारी बोर्डलाई जानकारी गराउनुपर्नेछ ।

(२) प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम सँगठित संस्थाले आफ्ना कर्मचारीलाई धितोपत्रको बाँडफाँड गर्न सक्नेछ । तर उक्त बाँडफाँडको ढाँचा सम्बन्धित सङ्गठित संस्था तथा निष्काशन तथा बिक्री प्रवन्धकले तयार गरी बाँडफाँड गर्नु अगावै बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

**१६. धितोपत्रको बाँडफाँड गर्नु पर्ने अवधिः** (१) सार्वजनिक निष्काशनका लागि खुला गरिएको धितोपत्र बिक्री बन्द भएको मितिले बढीमा पन्ध्र दिनभित्र बाँडफाँड गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयावधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकले दरखास्त वापत जम्मा गरेको रकम फिर्ता वा फुकुवा गर्नु पर्नेछ ।

(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको अवस्था परी उपनियम (१) बमोजिमको अवधिभित्र धितोपत्रको बाँडफाँड गर्न असमर्थ भई निष्काशनकर्ता र निष्काशन तथा बिक्री प्रबन्धकले थप समय माग गरेमा बार्डले आवश्यक समयावधि थप गर्न सक्नेछ ।

**१७. धितोपत्र बाँडफाँड प्रक्रियाः** (१) यस नियमावली अनुसार निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र बाँडफाँड गर्दा अनुसुची-८ बमोजिम धितोपत्र बाँडफाँड गर्नु पर्नेछ ।

(२) यस नियम बमोजिम धितोपत्र बाँडफाँड गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न सकिनेछ ।

(३) यस नियम बमोजिम धितोपत्रको बाँडफाँड गरेको दिन वा भोलिपल्ट सम्ममा निष्काशन तथा बिक्री प्रबन्धकले बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-५

## हकप्रद निष्काशन सम्बन्धी व्यवस्था

१८. **<u>हकप्रदको निष्काशनः</u>** (१) संगठित संस्थाले धितोपत्रको हकप्रद निष्काशनको प्रयोजनको लागि निर्धारित साधारण सभाको बुक क्लोज मितिसम्ममा कायम रहेका शेयरधनीलाई धितोपत्र जारी गरी पूँजी बढाउने हकप्रद निष्काशन गर्न सक्नेछ ।

(२) संगठित संस्थाको संचालक समितिबाट हकप्रद निष्काशन सम्बन्धी निर्णय भएको बढीमा एक महिना भित्र उक्त प्रस्ताव साधारण सभामा पेश गर्नुपर्नेछ ।

(३) संगठित संस्थाले उपनियम (२) बमोजिम साधारण सभामा पेश गरी हकप्रद निष्काशन गर्ने निर्णय गरेको पन्ध्र दिन भित्र संचालक समितिका सदस्य तथा निजका एकाघर परिवारका सदस्यहरुले आफूले लिनुपर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र अन्य शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुल्ला गर्नुपर्नेछ ।

तर संगठित संस्थाका संचालक समितिका सदस्य तथा निजका एकाघर परिवारका सदस्यहरुले आफूले लिनुपर्ने हकप्रद शेयर नलिएमा वा लिन नचाहेमा सोको जानकारी आव्हानपत्रमा समावेश गर्नुपर्नेछ ।

(४) धितोपत्रको हकप्रद निष्काशनको रकम संकलन प्रयोजनका लागि संगठित संस्थाले आफ्नो नाममा छुटै बैंक खाताको प्रयोग गर्नुपर्नेछ ।

१९. **<u>हकप्रद शेयर निष्काशनको आव्हानपत्र प्रकाशन गर्नु पर्नेः</u>** (१) धितोपत्रको हकप्रद निष्काशन गर्ने संगठित संस्थाले आफ्नो साधारण सभाले हकप्रद निष्काशन गर्ने निर्णय गरेको तीस दिन भित्र हकप्रद निष्काशनको बिक्री खुल्ला गर्नुपर्नेछ ।

(२) संगठित संस्थाले नियम (१) बमोजिम धितोपत्र बिक्री खुल्ला गर्नु भन्दा कम्तीमा सात कार्यदिन अगाडी कम्तीमा एउटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा धितोपत्र बिक्री खुल्ला सम्बन्धी अनुसूची-९ बमोजिमको विवरण खुलाई आफ्ना शेयरधनीको जानकारीको लागि आव्हानपत्र प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी बोर्डलाई समेत दिनुपर्नेछ ।

२०. **<u>हकप्रद निष्काशन खुला रहने अवधिः</u>** नियम १८ बमोजिम धितोपत्रको हकप्रद निष्काशन गरिने दरखास्त खुला रहने अवधि बढीमा पन्ध्र दिन हुनेछ ।

२१. **<u>हकप्रद निष्काशन सम्बन्धी कार्य</u>**: यस नियमावली अनुसार दर्ता भएका संगठित संस्थाले हकप्रद निष्कासन सम्बन्धी कार्य गर्दा स्वयम आफैले वा बोर्डबाट इजाजत प्राप्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत गर्न सक्नेछ ।

२२. **हकप्रद आवेदन सम्बन्धी व्यवस्था:** नियम १८ बमोजिम हकप्रद निष्काशन गरिने शेयरको दरखास्त दिँदा योग्य शेयरधनीले उक्त हकप्रद निष्कासनको लागि तोकिएको अनुपात भन्दा बढी संख्यामा समेत आवेदन दिन सक्नेछन् ।

२३. **हकप्रद शेयरको बाँडफाँड प्रक्रिया**: (१) नियम २० बमोजिमको अवधिभित्र दरखास्त परेका हकप्रद शेयरको बाँडफाँड उक्त हकप्रद निष्कासनको लागि तोकिएको अनुपात अनुसार गनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बाँडफाँड भएपश्चात बाँकी रहेको धितोपत्र बढी माग गर्ने योग्य शेयरधनीलाई प्राथमिकतामा राखी खण्डित शेयरमा नआउने गरी समानुपातिक रुपमा बाँडफाँड गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम बाँडफाँड भएपश्चात बाँकी रहन गएमा उक्त शेयर गोलाप्रथाद्धारा पुनः बाँडफाँड गर्नुपर्नेछ ।

२४. **हकप्रद शेयरको बाँडफाँड गर्नु पर्ने समयावधि:** यस नियमावली बमोजिम बिक्री गरिने हकप्रद शेयर त्यस्तो शेयरको बिक्री बन्द भएको मितिले बढीमा सात कार्य दिनभित्र बाँडफाँड गर्नुपर्नेछ र सोको जानकारी बोर्डलाई समेत दिनुपर्नेछ ।

२५. **बोर्डमा दर्ता गर्नुपर्ने:** (१) नियम २४ बमोजिम बाँडफाँड भएका धितोपत्र उक्त बाँडफाँड भएको पन्ध्र दिन भित्र नियम ५० बमोजिमको शुल्क सहित बोर्डमा दर्ताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी सात कार्यदिन भित्र उक्त धितोपत्र दर्ता गर्नुपर्नेछ ।

## परिच्छेद-६

## धितोपत्रको निष्काशन तथा दर्ता सम्बन्धी अन्य व्यवस्था

२६. **प्रिमियममा धितोपत्र निष्काशन गर्न सक्ने:** (१) संगठित संस्थाले देहायको शर्तको अधीनमा रही प्रिमियममा धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्नेछः–

(क) संगठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको,

(ख) संगठित संस्थाको प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको,

(ग) संगठित संस्थाको साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको,

(घ) संगठित संस्थाले कम्तिमा औसत वा सो भन्दा माथिल्लो क्रेडिट रेटिङ्गको ग्रेड प्राप्त गरेको हुनु पर्ने ।

(२) सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणा सम्म निष्काशित मूल्य तोक्न सक्नेछ ।

२७. **निष्काशन खुल्ला गरिसक्नु पर्ने अवधिः** बोर्डबाट धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु स्वीकृत भएको मितिबाट दुई महिनाभित्र संगठित संस्थाले धितोपत्रको बिक्री खुल्ला गरिसक्नु पर्नेछ ।

२८. **बोनस शेयर दर्ता सम्बन्धी व्यवस्थाः** (१) संगठित संस्थाले साधारण सभाबाट प्रस्तावित बोनस शेयर दिने निर्णय गरेको दुई महिना भित्र आफ्ना शेयरधनीलाई शेयर बाँडफाँड गरी नियम ५० बमोजिमको शुल्क सहित बोर्डमा दर्ताका लागि अनुसूची-१ बमोजिको ढाँचाँमा निवेदन दिनु पर्नेछ ।

(२) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि काबु बाहिरको अवस्था परी उपनियम (१) बमोजिमको अवधिभित्र बोनस शेयर दर्ता असमर्थ भई संगठित संस्थाले थप समय माग गरेमा बार्डले आवश्यक समयावधि थप गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी सात कार्यदिन भित्र उक्त शेयर दर्ता गर्नुपर्नेछ ।

२९. **धितोपत्र खरिद सम्बन्धी थप व्यवस्थाः** धितोपत्रको निष्काशन सम्बन्धी थप व्यवस्था तथा प्रकृया धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-७

## धितोपत्रको सूचीकरण र खारेजी सम्बन्धी व्यवस्था

३०. **धितोपत्रको सूचीकरण गराउनु पर्नेः** (१) यस नियमावली बमोजिम धितोपत्र निष्काशन गरेका सङ्गठित संस्थाले  धितोपत्र बजार मार्फत धितोपत्रको कारोबार गर्न त्यस्तो धितोपत्र सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गराउनु पर्नेछ ।

(२) सङ्गठित संस्थाले उपनियम (१) बमोजिम धितोपत्र सूचीकरण गर्न धितोपत्रको सार्वजनिक निष्काशनका लागि विवरणपत्र स्वीकृत भएको बढीमा सात दिनभित्र सम्बन्धित धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ र सोको जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

(३) सङ्गठित संस्थाले जारी गरेको हकप्रद शेयर तथा बोनस शेयरहरु बोर्डमा दर्ता भएको मितिले बढीमा सात दिनभित्र धितोपत्र बजारमा धितोपत्र सूचीकरण गर्न तथा केन्द्रिय निक्षेप कम्पनीमा धितोपत्र अभौतिकिकरण गर्न नियम ५० बमोजिमको शुल्क सहित निवेदन दिनु पर्नेछ र सोको जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपश्चात धितोपत्र बजार तथा केन्द्रिय निक्षेप कम्पनीले सात कार्यदिन भित्र धितोपत्रको सूचीकरण तथा अभौतिकिकरण गर्नुपर्नेछ ।

३१. **सम्झौता गर्नुपर्ने:** सङ्गठित संस्थाले यस नियमावली बमोजिम धितोपत्रको सूचीकरण तथा अभौतिकिकरण गराउँदा सम्बन्धित धितोपत्र बजार तथा केन्द्रीय निक्षेप कम्पनीसँग सम्झौता गर्नु पर्नेछ ।

३२. **सूचीकरणको स्वेच्छिक खारेजी:** (१) सूचीकृत सङ्गठित संस्थाले धितोपत्रको सूचीकरणको स्वेच्छिक खारेजी गर्न चाहेमा सम्बन्धित धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ र सोको जानकारी बोर्डलाई समेत दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिनु अघि त्यस्तो सूचीकृत संगठित संस्थाले देहाय अवस्था पूरा गरेको हुनु पर्नेछ :-

(क) साधारण सभाबाट सूचीकरणको स्वेच्छिक खारेजीको गर्ने निर्णय भएको,

(ख) खण्ड (क) बमोजिमको साधारण सभामा उपस्थित भएका शेयरधनीहरुमध्ये कम्तीमा नब्बे प्रतिशत शेयर स्वमित्व तथा पचहत्तर प्रतिशत शेयरधनीको प्रतिनिधित्व हुने गरी सूचीकरणको स्वेच्छिक खारेजी गर्ने निर्णयमा सहमति भएको,

(ग) खण्ड (क) बमोजिमको सभामा उपस्थित भई सूचीकरणको स्वेच्छिक खारेजीमा असहमति जनाएका शेयरधनीको शेयर सङ्गठित संस्थाका सञ्चालकले खरिद गरी लिने सम्बन्धमा खरिद मूल्य निर्धारण गर्ने विधि, खरिद मूल्य तथा खरिद गर्ने प्रकृया सम्बन्धी निर्णय भएको,

(३) उपनियम (१) बमोजिम निवेदन तथा उपनियम (२) बमोजिम प्राप्त भएमा धितोपत्र बजारले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा धितोपत्रको सूचीकरण खारेजी गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकरण खारेजी गरिएको जानकारी बोर्ड र लगानीकर्तालाई तुरुन्त दिनु पर्नेछ ।

**३३.** **<u>सूचीकरण खारेज (डिलिष्टिङ्ग) गर्न सक्ने:</u>** (१) धितोपत्र बजारले देहायको कुनै अवस्थामा सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्न सक्नेछ :-

(क) प्रचलित कानून बमोजिम सूचीकृत सङ्गठित संस्था एक आपसमा गाभिएमा वा प्राप्तील भएमा गाभिएको वा प्राप्ती गरिएको सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,

(ख) सूचीकृत संगठित संस्थाहरु गाभिई वा प्राप्ती भई नयां संगठित संस्था कायम भएमा त्यसरी कायम भएको नयां संगठित संस्थाको धितोपत्र सूचीकरण हुने गरी साविकका सूचीकृत संगठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,

(घ) कुनै सङ्गठित संस्था खारेजी (लिक्वीडेशन) मा गएमा वा खारेजीमा गएको जानकारी प्राप्त भएमा,

(ङ) सूचीकरणको वार्षिक शुल्क नबुझाएको कारणले धितोपत्र बजारले धितोपत्रको कारोबार स्थगन गरेकोमा सोही कारणबाट त्यस्तो सङ्गठित संस्थाको धितोपत्र लगातार दुई बर्षसम्म स्थगन भएमा,

(च) कुनै सूचीकृत सङ्गठित संस्थाले बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगरेको कारण धितोपत्रको सूचीकरण खारेजी गर्न धितोपत्र बजारलाई निर्देशन दिएमा ।

(२) उपनियम (१) बमोजिम धितोपत्र बजारले धितोपत्रको सूचीकरण खारेजी गरेमा सो को जानकारी तुरुन्त सार्वजनिक गरी त्यस्तो सूचना कम्तीमा दुईवटा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

**३४.** **<u>बोर्डमा निवेदन दिन सक्ने:</u>** (१) धितोपत्र बजारले धितोपत्रको सूचीकरण गर्न इन्कार गरेकोमा वा धितोपत्रको सूचीकरण खारेजी वा कारोबार स्थगन गरेकोमा चित्त नबुझ्ने सूचीकृत सङ्गठित संस्थाले त्यस्तो सूचना वा जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र बोर्डमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा बोर्डले आवश्यक जाँचबुझ गरी साठी दिनभित्र निर्णय गरी सक्नु पर्नेछ ।

## परिच्छेद-८

## धितोपत्रको कारोबार, राफसाफ तथा धितोपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था

**३५. कारोबार प्रणाली:** (१) धितोपत्र बजारले यस नियमावली बमोजिम सूचीकृत धितोपत्रको कारोबार सञ्चालन हाल प्रचलित मुख्य प्रणाली (मेन प्लाटफर्म) मातहत वा छुट्टै साना तथा मझौला संगठित संस्थाको कारोवारी प्रणाली (एसएमईज प्लाटफर्म) सिर्जना गरी स्वचालित विद्युतीय कारोवार प्रणाली मार्फत गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कारोबार प्रणालीमा मूल्य तथा समय प्राथमिकता (प्राईस टाइम प्रायोरिटी) को आधारमा कारोबार हुने व्यवस्था गरिएको हुनु पर्नेछ।

(३) धितोपत्र बजारले कम्तीमा प्रत्येक दुई वर्षमा उक्त कारोबार प्रणालीको सम्परीक्षण ( सिष्टम अडिट) गराउनु पर्नेछ र सोको प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा बोर्डले विज्ञबाट कारोबार प्रणालीको सम्परीक्षण गराउन सक्नेछ। यसरी सम्परीक्षण गराउँदा लाग्ने खर्च सम्बन्धित धितोपत्र बजारले व्यहोर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कारोबार प्रणालीको सम्परीक्षणबाट कारोबार प्रणालीमा सुधार गर्नुपर्ने देखिएमा सो सम्बन्धमा बोर्डले सम्बन्धित धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(६) धितोपत्र दलाल तथा धितोपत्र ग्राहकले कारोबार प्रणाली मार्फत धितोपत्रको कारोबार गर्नु पर्नेछ।

(७) धितोपत्र बजारले कारोबार प्रणालीको सुरक्षण व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउनु पर्नेछ।

(८) धितोपत्र बजारले कारोबार प्रणालीको डिजाष्टर्ड रिकभरी सिष्टमको सम्बन्धमा आवश्यक व्यवस्था गर्नु पर्नेछ।

**३६. खरिद तथा बिक्री आदेश:** (१) कसैले शेयर खरिद वा बिक्री गर्न चाहेमा सोको लागि धितोपत्र दलाललाई आदेश दिनु पर्नेछ वा धितोपत्र दलालले प्रयोगमा ल्याएको अनलाईन कारोबार प्रणालीमा भएको व्यवस्था बमोजिम कारोबारको लागि विद्युतीय (अनलाईन) माध्यमबाट आदेश दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम भौतिक रुपमा वा विद्युतीय माध्यमबाट दिइने आदेशमा कम्तीमा निम्न बमोजिमको जानकारी उल्लेख भएको हुनु पर्नेछ :

(क) आदेश दिनेको पहिचान स्पष्ट खुल्ने व्यवस्था,

(ख) शेयर कारोबार गर्न चाहेको सङ्गठित संस्था, धितोपत्रको किसिम, परिमाण, मूल्य र समय,

(ग) धितोपत्र खरिद वा बिक्री के को लागि आदेश दिइएको हो सो कुरा,

(घ) बोर्डले तोकिदिए बमोजिमका अन्य कुरा ।

३७. **आदेश प्राप्त गर्नु पर्नेः** (१) नियम ३६ बमोजिम धितोपत्र दलालले ग्राहकको आदेश प्राप्त गरेर मात्र धितोपत्रको कारोबार गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले विद्युतीय वा अन्य माध्यमबाट प्राप्त गर्ने आदेशको अभिलेख राख्ने व्यवस्था गर्न पर्नेछ ।

(३) धितोपत्र दलालले उपनियम (१) वा (२) बमोजिम ग्राहकले दिने आदेशमा उल्लेखित धितोपत्रको मूल्य र संख्या लगायत आदेशसंग सम्बन्धित अन्य आवश्यक विवरणको अभिलेख राख्नु पर्नेछ ।

(४) धितोपत्र दलालले उपनियम (१) वा (२) बमोजिम आदेश प्राप्त गरे पश्चात सोही बमोजिम धितोपत्रको कारोबारका लागि कारोबार प्रणालीमा आदेश प्रविष्ट गर्नु पर्नेछ। तर धितोपत्र दलालले ग्राहकलाई दिएको अनलाईन कारोबार प्रणाली मार्फत कारोबार गर्दा ग्राहक स्वयंले आदेश प्रविष्टि गर्नुपर्नेछ ।

(५) उपनियम (३) बमोजिम राखिएको अभिलेख सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित धितोपत्र दलालको हुनेछ ।

३८. **मूल्य परिवर्तन सीमाः** (१) धितोपत्र बजारले देहायका आधारमा प्रत्येक दिनको मूल्य परिवर्तनको सीमा कायम गर्नु पर्नेछः-

(क) धितोपत्रको सूचीकरण पश्चात पहिलो कारोबारको मूल्य र त्यसपछि हुने कारोबार मूल्य बीचको अन्तर,

(ख) अघिल्लो दिनको बजार बन्द हुँदा कायम रहेको मूल्य र अर्को दिन शुरु कारोबार मूल्य बीचको अन्तर,

(ग) लगातार साठी दिनसम्म कारोबार नभएका धितोपत्रको पुनः कारोबार हुँदा कायम हुने शुरु मूल्य,

(घ) कारोबार समय र कारोबार मूल्यका आधारमा कायम हुने मूल्य ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत सङ्गठित संस्थाले धितोपत्रको दाखिल खारेज बन्द गरेको अवस्थामा त्यस्तो दाखिल खारेज बन्द भएपछि हुने शुरु कारोबार र साठी दिनभन्दा बढी अवधिदेखि कुनै कारोबार नभएको सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबारको हकमा धितोपत्र बजारले मूल्य परिवर्तन सीमा सम्बन्धमा फरक व्यवस्था गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मूल्य परिवर्तन सीमा सम्बन्धमा धितोपत्र बजारले कारोबार प्रणालीमा आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

३९. **धितोपत्र कारोबारको संख्या तोक्न सक्ने:** धितोपत्र बजारले अग्रिम सूचना प्रकाशन गरी धितोपत्रको लागि (बाँडफाँड बमोजिम) कारोबार हुने न्यूनतम तथा अधिकतम संख्या तोक्न सक्नेछ ।

४०. **सर्किट ब्रेकर सम्बन्धी व्यवस्था:** (१) धितोपत्र बजारले आवश्यकता अनुसार कारोबारमा सर्किट ब्रेकर लाग्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सर्किट ब्रेकर सम्बन्धी व्यवस्थामा परिवर्तन गर्न बोर्डले धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

४१. **धितोपत्र कारोबार स्थगन गर्न सक्ने:** (१) प्राकृतिक प्रकोप, राष्ट्रिय सङ्कट वा काबुबाहिरको परिस्थिति आइपरेमा धितोपत्र बजारले बोर्डलाई जानकारी दिई कारोबार प्रणालीको संचालन निश्चित समयका लागि स्थगन गर्न सक्नेछ ।

(२) धितोपत्र बजारलाई लगानीकर्ताको हितको संरक्षण गर्न आवश्यक र उचित छ भन्ने लागेमा वा आफ्नो कारोबार प्रणाली प्रति जनविश्वास कायम राख्न कुनै धितोपत्रको कारोबार रोक्न आवश्यक छ भन्ने लागेमा बोर्डको पूर्व स्वीकृति लिई धितोपत्र बजारले त्यस्तो धितोपत्रको कारोबार अस्थायी रुपमा स्थगन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली सूचीकृत सङ्गठित संस्थाले पेश गर्नु पर्ने सूचना, जानकारी, विवरण वा प्रतिवेदन पेश नगरेमा धितोपत्र बजारले त्यस्तो सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबार अस्थायी रुपमा स्थगन गर्न सक्नेछ र सो को कारण सहितको सूचना सम्बन्धित सूचीकृत सङ्गठित संस्थालाई दिनु पर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिमको सूचना तथा जानकारी बोर्डलाई तुरुन्त गराउनु पर्नेछ ।

४२. **कारोबारको राफसाफः** (१) धितोपत्र बजारमा कारोबार गर्ने ग्राहकले आफूले गरेको कारोबारको राफसाफ निर्धारित समयमा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राफसाफको लागि सम्बन्धित ग्राहकसँग लिनु वा दिनुपर्ने धितोपत्र वा रकमको सम्बन्धमा धितोपत्र दलालले आवश्यक व्यवस्था गरी निर्धारित समय भित्र राफसाफ हुने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्धारित समय धितोपत्र वा रकम बुझाई कारोबार राफसाफ गर्न नसकेको अवस्थामा धितोपत्र बजारले त्यस्तो व्यवसायीलाई तत्काल कारोबार गर्न रोक लगाउनु पर्नेछ ।

४३. **राफसाफ गर्ने जिम्मेवारीः** (१) धितोपत्र बजारमा सम्पन्न भएका कारोबारको राफसाफ सेवा प्रदान गर्ने जिम्मेवारी सम्बन्धित धितोपत्र बजारले धितोपत्र कारोबार राफसाफको उद्देश्यले स्थापना गरेको संस्थाको हुनेछ ।

(२) राफसाफ सम्बन्धी तोकिएको व्यवस्था बमोजिम राफसाफ सम्पन्न नगरेमा बोर्डले कारोबारसँग सम्बन्धित व्यवसायी वा राफसाफ सेवा प्रदान गर्ने संस्थालाई आवश्यक निर्देशन दिई राफसाफ गराउन सक्नेछ ।

४४. **राफसाफ कोष सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र बजारले खडा गरेको राफसाफ कोषलाई साना तथा मझौला व्यवसायको कारोबारको  लागि समेत प्रयोग गर्न सकिनेछ ।

४५. **नेटिङ प्रणाली मार्फत राफसाफ गर्न सकिनेः** (१) धितोपत्र कारोबारको राफसाफ गर्दा नेटिङ्ग प्रणाली मार्फत गर्न सकिनेछ । नेटिङ्ग प्रणाली सम्बन्धी व्यवस्था धितोपत्र बजार वा राफसाफ तथा फछ्र्यौट गर्ने संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

४६. **हस्तान्तरण गरिदिनु पर्नेः** (१) सूचीकृत सङ्गठित संस्थाले धितोपत्र बजारबाट कारोबार सम्पन्न भई राफसाफ भएका धितोपत्रलाई सम्बन्धित खरिदकर्ताको नाममा हस्तान्तरण हुने व्यवस्था गर्नु पर्नेछ ।

(२) अभौतिक रुपमा रहेका धितोपत्रको उपनियम (१) बमोजिम हुने हस्तान्तरण सम्बन्धमा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक कार्य गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) मा उल्लिखित अवस्थाका अतिरिक्त देहायको अवस्थामा सूचीकृत धितोपत्रको हस्तान्तरण गर्न सकिनेछः

(क) धितोपत्र धनीको मृत्यु भई सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्नु परेमा,

(ख) अंशबण्डा भई अंशियारको नाममा हस्तान्तरण गर्नु परेमा,

(ग) एकाघरका सदस्य बीच हस्तान्तरण हुने भएमा ।

(४) उपनियम (३) बमोजिम हुने हस्तान्तरणका सम्बन्धमा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

(५) सम्बन्धित लगानीकर्ताबाट उपनियम (१) र (३) बमोजिम आफूलाई हस्तान्तरण हुने शेयर भौतिक रुपमा उपलब्ध गराउन माग भई निवेदन प्राप्त भएमा केन्द्रीय निक्षेप कम्पनीले सम्बन्धित सूचिकृत सँगठित संस्थासँग समन्वय गरी भैतिक शेयर उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

४७. **धितोपत्र हस्तान्तरण सम्बन्धी थप व्यवस्थाः** धितोपत्रको हस्तान्तरण सम्बन्धमा अन्य व्यवस्था केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रचलित नियमावली तथा विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## सूचना, जानकारी तथा विवरण सम्बन्धी व्यवस्था

४८. **वित्तीय विवरण तथा सूचना उपलब्ध गराउनु पर्नेः** (१) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक तीन महिनाको अनुसूची–१० मा उल्लिखित विवरण सो त्रैमाशिक अवधि समाप्त भएको तीसदिन भित्र बोर्ड तथा धितोपत्र बजारसमक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(२) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र अनुसूची-११ बमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) धितोपत्र दर्ता गरेको संगठित संस्थाले आफ्नो साधारण सभा गर्नु पूर्व त्यस्तो साधारण सभामा छलफल हुने विषयको जानकारी बोर्डलाई दिनु पर्नेछ र साधारण सभा सम्पन्न भएको मितिले तीस दिनभित्र साधारण सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय तथा निर्णय सम्बन्धी विवरण बोर्डमा पेश गर्नु पर्नेछ ।

(४) धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने अनुसूची-१२ मा उल्लिखित कुनै घटना वा कारोबार भएमा त्यस्तो विषयको सूचना धितोपत्र बजारमा तत्काल वा भोलीपल्ट कारोबार सुरु हुनु अगाडी तथा बोर्डमा तीन दिनभित्र पेश गर्नु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले धितोपत्र दर्ता गर्ने संगठित संस्थासंग वा धितोपत्र विनिमय बजारले सूचीकृत गरेको संगठित संस्थासंग जहिलेसुकै पनि आवश्यक विवरण, सूचना, तथ्याङ्क वा जानकारी माग गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम बोर्ड वा सम्बन्धित धितोपत्र बजारले माग गरेको विवरण, सूचना, तथ्याङ्क वा जानकारी बोर्ड वा सम्बन्धित धितोपत्र बजारलाई उपलब्ध गराउनु सम्बन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-१०
## विविध

४९. **धितोपत्रको बिक्री गर्न नपाइनेः** (१) सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरिएको धितोपत्र बाहेक अन्य धितोपत्र संगठित संस्थाले सर्वसाधारणका समुहको लागि प्राथमिक सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँड भएको मितिले पाँच वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

तर प्राईभेट इक्वीटी, भन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रुपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र संगठित संस्थाले सर्वसाधरणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा भएपश्चात विक्री गर्न सक्नेछ ।

(२) संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्ने छैन ।

**स्पष्टिकरणः** "परिवारको सदस्य" भन्नाले पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ । तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आआफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बिक्री वा हस्तान्तरण गर्न नपाईने गरी तोकिएको समयावधि (लकइन पिरियड) भित्र त्यस्तो संगठित संस्थाको धितोपत्र बिक्री वा हस्तान्तरण नभएको कारणले संगठित संस्था सञ्चालनमा कुनै बाधा

व्यवधान उत्पन्न हुन गएमा त्यस्तो शेयरवालाको बीच धितोपत्र बिक्री वा हस्तान्तरण गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) उपनियम (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि धितोपत्र धारकको मृत्यु भएको अवस्थामा सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्न कुनै वाधा पर्ने छैन ।

**५०. दस्तुर तथा शुल्क सम्बन्धी व्यवस्थाः** साना तथा मझौला संगठित संस्थाले बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षप कम्पनीलाई बुझाउनुपर्ने दस्तुर तथा शुल्क अनुसूची-१३ बमोजिम हुनेछ ।

**५१. धितोपत्र बजारलाई जानकारी दिनुपर्नेः** (१) यस नियमावली बमोजिम तयार गर्नुपर्ने विवरणपत्र, तथा विवरण पुस्तिकाको एक प्रति संगठित संस्थाले स्वीकृतिको लागि बोर्डमा पेश गर्दा सोको एकप्रति सम्बन्धित धितोपत्र बजारमा समेत पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरणलाई धितोपत्र बजारको सम्बन्धित विनियमावली अनुरुप सूचीकरण गर्न योग्य नहुने देखिएमा त्यस्तो विवरण पेश भएको मितिले सात कार्यदिन भित्र सम्बन्धित धितोपत्र बजारले बोर्डलाई जानकारी दिनुपर्नेछ ।

**५२. साना तथा मझौला व्यवसाय संस्थाको वर्गीकरणः** धितोपत्र बजारले यस नियमावली बमोजिम दर्ता भएको सूचीकृत सङ्गठित संस्थाको आवश्यकता अनुसार विनियममा व्यवस्था गरी क्षेत्रगत हिसावले वर्गीकरण गर्न सक्नेछ ।

**५३. धितोपत्रको अंकित मूल्यः** यस नियमावलीबमोजिम दर्ता तथा निष्काशन गरिने धितोपत्रको अंकित मूल्य साधारणतया एक सय रुपैंया हुनेछ ।

**५४. बोर्डले निर्देशन दिन सक्नेः** (१) बोर्डले यस नियमावली अन्तर्गत दर्ता भएका साना तथा मझैाला संगठित संस्थाहरुलाई धितोपत्र दर्ता, धितोपत्रको बिक्री वा बाँडफाँड, धितोपत्रको सूचीकरण, कारोबार, राफसाफ तथा हस्तान्तरणको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

**५५. अन्य नियमावली आकर्षित हुनेः** यस नियमावली अन्तर्गत दर्ता भएका संगठित संस्थाको चुक्ता पूँजी नियम ३ मा भएको व्यवस्था भन्दा बढी हुन गएमा उक्त संस्थाको धितोपत्र निष्काशन, बाँडफाँड, सूचीकरण, कारोबार राफसाफ तथा हस्तान्तरण सम्बन्धी कार्यहरुको सम्बन्धमा ऐनबमोजिम बनेका अन्य नियमावलीहरु स्वतः आकर्षित हुनेछन ।

५६. **<u>विनियम बमोजिम हुने:</u>** (१) संगठित संस्थाको धितोपत्रको सूचीकरण, सम्झौताको ढाँचा तथा विवरण, सूचीकृत संगठित संस्थाको वर्गीकरण, सूचीकरण, खारेजी र पुनः सूचीकरण, कारोबार एकाई तथा बोर्ड एकाई, मूल्य निर्धारण प्रकृया, कारोबार गर्ने स्थान र समय, खरिद तथा बिक्री आदेश, कारोबार सञ्चालन प्रकृया तथा मूल्य परिवर्तन सीमा सम्बन्धी अन्य व्यवस्थाका सम्बन्धमा धितोपत्र बजारले आवश्यकता अनुसार विनियममा समावेश गर्न सक्नेछ ।

(२) धितोपत्रको अभौतिकिकरण, कारोबारको राफसाफ तथा फछ्र्यौट सम्बन्धी अन्य व्यवस्थाका सम्बन्धमा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीले आवश्यकता अनुसार विनियममा समावेश गर्न सक्नेछ ।

५७. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा वा कठिनाई आएमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ ।

५८. **<u>अनुसूचीमा हेरफेर वा थपघट:</u>** बोर्डले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

५९. **<u>यसै नियमावली बमोजिम हुने:</u>** यस नियमावलीमा लेखिएको जतिमा यसै नियमावली बमोजिम हुनेछ ।

## अनुसूची–१

**(नियम ४ को उपनियम (१), नियम ६ को उपनियम (१) नियम २५ को उपनियम (१) तथा नियम २८ को उपनियम (१) संग सम्बन्धित)**

श्री नेपाल धितोपत्र बोर्ड

...............................।

विषयः धितोपत्र दर्ता गरी प्रमाणपत्र पाउँ ।

महोदय,

.........................................................ऐन बमोजिम स्थापित ............................................. को देहाय बमोजिमको धितोपत्र दर्ता गरी सोको प्रमाणपत्र पाउनको लागि रु.........................दस्तुर बुझाएको रसिद वा बैंक भौचर संलग्न गरी यो निवेदन पेश गरेको छु / गरेका छौं ।

संगठित संस्थाको नामः

**संगठित संस्थाको अख्तियार प्राप्त व्यक्तिको**

नामः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः

## अनुसूची–२

### (नियम ५ को उपनियम (२) तथा नियम ६ को उपनियम (२) संग सम्बन्धित)

### धितोपत्र दर्ता किताव

(क) संगठित संस्थाको नाम :

(ख) ठेगाना (रजिष्टर्ड तथा मुख्य कार्यालय, सम्पर्क कार्यालय) :

(ग) संगठित संस्थाको दर्ता र कारोबार संचालन मिति :

(घ) संगठित संस्थाको उद्देश्य :

(ङ) व्यवसायको किसिम :

(च) अधिकृत पूँजी : ................ शेयर प्रति एकाई मूल्य ............दरले जम्मा रु.................

(छ) जारी : ................ शेयर प्रति एकाई मूल्य ............दरले जम्मा रु.................

(ज) चुक्ता पूँजी : ................ शेयर प्रति एकाई मूल्य ............दरले जम्मा रु.................

(ट) अन्य

(ठ) संस्थापक र संचालक सम्बन्धी विवरण :

नाम :

ठेगाना :

लिएको शेयर संख्या :

(ड) धितोपत्र निष्काशनको किसिम, संख्या र रकम :

(च) अन्य

## अनुसूची–३

**(नियम ५ को उपनियम (२) तथा नियम ६ को उपनियम (२) संग सम्बन्धित)**

नेपाल धितोपत्र बोर्ड

धितोपत्र दर्ता प्रमाणपत्र

..............................मुख्य कार्यालय रहेको .........................ले निष्काशन गरेको वा गर्न लागेको धितोपत्रको क्रम संख्या ............ देखि ................... सम्मको रु. ........ (प्रति एकाई मूल्य) का दरले कुल .................... (धितोपत्र संख्या) ............. (धितोपत्रको किसिम) बोर्डमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्ने पदाधिकारीको

नामः

दस्तखतः

पदः

मितिः

## अनुसूची-४

### (नियम ९ को उपनियम (१) संग सम्बन्धित)

### विवरणपत्रमा उल्लेख गर्नुपर्ने न्यूनतम विवरण

**(क) विवरणपत्रको मुखपृष्ठमा उल्लेख हुनुपर्ने कुराहरु :**

१. "विवरणपत्र" भन्ने शव्द,

२. संगठित संस्थाको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,

३. कुन ऐनको कुन दफा अन्तर्गत विवरणपत्र जारी भएको,

४. नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति,

५. कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति,

६. जारी गरिने धितोपत्रको किसिम, निष्काशन धितोपत्रको संख्या

७. धितोपत्रको अंकित मूल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,

८. लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण

९. नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण

१०. निष्काशन खुल्ला र बन्द हुने मिति

१२. निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना, लोगो

१३. नेटवर्थ सम्बन्धी विवरण

**(ख) विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :**

१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,

**(ग) विवरणपत्रको दोश्रो पृष्ठबाट क्रमश उल्लेख हुनुपर्ने कुराहरु :**

१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

२. संगठित संस्थाको उद्घोषण

(क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी,

(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी,

(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

३. संगठित संस्था सम्बन्धी जानकारी

(क) संगठित संस्थाको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

४. पूँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक/संचालक सम्बन्धी जानकारी,

६. सीमित दायित्व सम्बन्धी विवरण

७. संगठित संस्थाको उच्च व्यवस्थापन तहका कर्मचारी सम्बन्धी जानकारी,

८. लेखा परीक्षण भएको पछिल्लो तीन आ.ब.का. वित्तीय विवरण

९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग,

१०. विदेशी लगानी भए सो सम्बन्धी विवरण

११. मुद्दा तथा विवाद सम्बन्धी विवरण

१२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

१३. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति

## अनुसूची - ५

**(नियम ९ को उपनियम (२) संग सम्बन्धित)**

श्री नेपाल धितोपत्र बोर्ड

..............................

.............................

बिषयः विवरणपत्र स्वीकृत गरी पाउँ ।

यस ...............................ले अंकित मुल्य ...........को ....(धितोपत्रको नाम).....................कित्ता सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको विवरणपत्र तथा अन्य कागजातहरुका साथै विवरणपत्र प्रशोधन वापतको रु. १०,०००।- (दश हजार) बोर्डको खातामा जम्मा गरेको भौचर समेत संलग्न गरी विवरणपत्र स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

कार्यकारी प्रमुख

.................................................... लि.

## अनुसूची-६

## (नियम ११ को उपनियम (१) संग सम्बन्धित)

### विवरणपत्रको स्वीकृति

........................मुख्य कार्यालय भएको ............................... ले रु. ...... (अंकित मूल्य) दरको ............... कित्ता ................ (धितोपत्रको किसिम) सार्वजनिक निष्काशन गर्नका लागि तयार गरेको विवरणपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

उपरोक्त विवरणपत्रमा उल्लिखित ................. (धितोपत्रको किसिम) देहायका शर्तहरु पालना गर्नुपर्ने गरी निष्काशन गर्नुपर्ने छ ।

शर्तहरु :

सम्बन्धित पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

## अनुसूची-७

### (नियम १२ संग सम्बन्धित)

### आव्हानपत्रमा उल्लेख गर्नुपर्ने न्यूनतम विवरण

(क) बोर्डबाट विवरणपत्र वा बिक्री प्रस्ताव स्वीकृत भएको मिति र स्वीकृत विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति,

(ख) धितोपत्र बिक्री खुल्ला हुने मिति,

(ग) धितोपत्रको प्रति एकाई मुल्य र तत्काल बुझाउनु पर्ने पेश्कि रकम,

(घ) धितोपत्र बिक्री बन्द हुने मिति र सवै धितोपत्र छिट्टै बिक्री भएमा छिटोमा बिक्री बन्द हुने मिति,

(ङ) दरखास्त फाराम भर्ने तरीका, दरखास्त बुझाउने बैंक, वित्तीय संस्था र संकलन केन्द्रको नाम ठेगाना, टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम तथा निष्काशन बैंकको बैंक खाता नम्बरहरु,

(च) विवरणपत्र अन्य आवश्यक कागजात हेर्न सकिने ठाउँ ।

(छ) धितोपत्रको लागि दरखास्त फाराम प्राप्त गर्न नसक्ने इच्छुक लगानीकर्ताहरुको लागि दरखास्त फारामको नमूना,

(ज) बोर्डबाट स्वीकृत विवरणपत्र वा बिक्री प्रस्तावको संक्षिप्त जानकारी हुने गरी त्यसमा उल्लेख भएका प्रमुख कुराहरु,

(झ) निष्काशनको क्रममा लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानका लागि गरिएको व्यवस्था ।

## अनुसूची-८

## (नियम १७ को उपनियम (१) संग सम्बन्धित)

**<u>धितोपत्र बाँडफाँड प्रक्रियाः</u>**

(१) धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई २५० (दुई सय पचास) कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नु पर्नेछ ।

(२) बुँदा नं (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित धितोपत्रको समानुपातिक रुपमा खण्डित नहुने गरी बाँडफाँड गर्नुपर्नेछ ।

(३) बुँदा नं (१) र (२) बमोजिम धितोपत्र बाँडफाँड गर्दा सबै आवेदकहरूलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा गोला प्रथाबाट आवेदक छनौट गरी धितोपत्र बाँडफाँड गर्नु पर्नेछ ।

# अनुसूची-९

## (नियम १९ को उपनियम (२) संग सम्बन्धित)

## हकप्रद शेयर निष्काशनको आव्हानपत्रमा उल्लेख गर्नुपर्ने न्यूनतम विवरण

(क) संगठित संस्थाको नाम,

(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय,

(ग) कारोबार स्थान,

(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य,

(ङ) शेयर पूँजीको संरचना,

(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पूँजीको स्थिती,

(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या,

(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात,

(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति,

(ञ) संचालकहरुको परिचय,

(ट) संचालक समितिको बनौट,

(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनुपर्ने पेश्की रकम,

(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था,

(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने सम्बन्धी व्यवस्था,

(ण) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण,

(त) धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था,

(थ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण,

(द) धितोपत्र खरीद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मूख्य कुराहरु,

(ध) हकप्रद शेयर जारी गर्नुको उद्देश्य,

(न) हकप्रद शेयर बिक्री खुल्ला अवधी,

(प) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु,

(फ) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण,

(ब) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,

(भ) बोर्डले तोकेको अन्य विवरण ।

## अनुसूची-१०

## (नियम ४८ को उपनियम (१) संग सम्बन्धित)

## त्रैमासिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

### १. वित्तीय विवरण

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण ।

(उक्त विवरणमा गत वर्ष र यस वर्षको सोही अवधिको तुलनात्मक विवरण, सम्बन्धित पक्ष ( related party) बीच भएको कारोबार सम्बन्धी विवरण समेत खुलाउनुपर्ने)

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण ।

### २. व्यवस्थापकीय विश्लेषण

(देहायको कुराहरु समेत खुलेको संगठित संस्थाको व्यवसायको विकास सम्बन्धमा व्यवस्थापनको धारणा उल्लेख गर्नुपर्ने)

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण,

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण,

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण ।)

### ३. कानूनी कारबाही सम्बन्धी विवरण

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनुपर्नेः

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।

**५. समस्या तथा चुनौती**

संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र वाह्य भनी बर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीती सम्बन्धी विवरण ।

**६ संस्थागत सुशासन**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

# अनुसूची-११

## (नियम ४८ को उपनियम (२) संग सम्बन्धित)

## वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

**१. संचालक समितिको प्रतिवेदन**

संचालक समितिको प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरणहरु समावेश गरिएको हुनुपर्ने ।

**२. लेखापरीक्षकको प्रतिवेदन**

**३. लेखापरीक्षण भएको वित्तीय विवरण**

वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु

**४. कानुनी कारबाही सम्बन्धी विवरण**

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनुपर्ने:

(क) संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

(ख) गत वर्षको प्रत्येक अर्धबार्षिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।

## ६. समस्या तथा चुनौती

संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र वाह्‌य भनी बर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीती सम्बन्धी विवरण ।

## ७. संस्थागत सुशासन

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण ।

## अनुसूची - १२

### (नियम ४८ को उपनियम (५) संग सम्बन्धित)

### विशेष घटना वा परिस्थिति सम्बन्धी न्यूनतम विवरणहरु

| क.सं | तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु |
|---|---|
| १ | संगठित संस्थाको प्रवन्धपत्र, नियमावली वा विनियममा संशोधन भएमा |
| २ | संगठित संस्थाको व्यवसायमा तात्विक असर पर्ने व्यवसायिक सम्झौता |
| ३ | संगठित संस्थाको व्यवसायमा तात्विक असर पर्ने व्यवसायिक सम्झौताको समाप्ती |
| ४ | संगठित संस्थाको व्यवसायमा तात्विक असर पार्ने सम्पत्ति खरिद/बिक्री सम्बन्धी विवरण |
| ५ | कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण |
| ६ | व्यवसाय/सेवाबाट बर्हिगमन सम्बन्धी विवरण |
| ७ | सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण |
| ८ | लेखापरिक्षक परिवर्तन भएमा |
| ९ | संगठित संस्थाको संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा |
| १० | संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा |
| ११ | शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा |
| १२ | व्यवसायको प्रकृति परिवर्तन भएमा |
| १३ | लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा |
| १४ | शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा |
| १६ | संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा |
| १८ | पूर्व घोषित वित्तीय विवरणहरु त्रुटीपूर्ण देखिएमा |
| १९ | संगठित संस्थाको रजिष्टर्ड ठेगाना परिवर्तन भएमा |

२० व्यवसाय संचालन हुन नसक्ने अवस्था भएमा वा खारेजीको निर्णय भएमा

२१ नामसारी दाखिल खारेज बन्द

२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा

२४ सूचीकरण खारेज भएको सूचना वा सूचीकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना

## अनुसूची-१३

## (नियम ५० सँग सम्बन्धित)

**(क) नेपाल धितोपत्र बोर्डमा बुझाउनुपर्ने निवेदन दस्तुर, प्रशोधन शुल्क तथा दर्ता दस्तुर**

१. निवेदन दस्तुरः रु. १०,०००।-

२. प्रशोधन शुल्कः रु. १०,०००।- (एक पटकको लागि मात्र मान्य हुने ।)

३. धितोपत्र दर्ता दस्तुरः दर्ता गरिने धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत

**(ख) धितोपत्र बजारमा बुझाउनुपर्ने सूचीकरण शुल्क, बार्षिक शुल्क तथा निवेदन दस्तुर**

१. सूचीकरण शूल्कः रु ५०,००० ।-

२. वार्षिक शूल्कः रु २५,००० ।-

३. सूचीकरण निवेदन दस्तुरः रु १०,००० ।-

**(ग) केन्द्रीय निक्षेप कम्पनीमा बुझाउनुपर्ने दर्ता दस्तुर तथा वार्षिक शुल्क**

१. दर्ता शूल्कः रु ५०,००० ।-

२. वार्षिक शूल्कः रु २५,००० ।-